नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.......................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८१/८२
चलनी नं.: ९६३६

मितिः २०८२।०१।०३

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

श्री सईपाल भेन्चर्स प्रा. लि.,
का. म. पा.-११, काठमांडौ,
९८०५४४४५७७ ।

उपरोक्त सम्वन्धमा त्यस कम्पनीबाट तलकोटी गाड जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनुभएकोमा तपसिलमा उल्लिखित विवरण/कागजातहरू पेश हुन बाकी देखिएकोले उक्त विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ (पाचौं संशोधन समेत) को दफा १० को उपदफा ३ बमोजिम ३५ (पैंतिस) दिनभित्र पेश गर्न हुन मिति २०८१/१२/३१ को विभागीय निर्णयानुसार अनुरोध छ।

तपसिलः

१. प्रवर्द्धक कम्पनीको शेयर किताबको नोटराइज प्रतिलिपि,
२. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
३. परामर्शदाता कम्पनीको प्रबन्धपत्र र नियमावली को नोटराईज प्रतिलिपि,
४. परामर्शदाता कम्पनि संगको सम्झौता (प्रत्येक पानामा प्रबर्द्धक किंपानी र परामर्शदाताको आधिकारिक व्यक्तिको सहिछाप भएको),
५. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा ८ को उपदफा (क) बमोजिमको खुद सम्पत्ति (नेट वर्थ) खुल्ने गरी विभागबाट तोकिएको ढांचाको UDIN No समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
६. नेट वर्थ तयार गर्ने सि.ए संस्थाको संस्था दर्ता, स्थायी लेखा नम्बर दर्ता, कर चुक्ता र नवीकरण गरिएको निस्साको नोटराइज प्रतिलिपि ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।